# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, भदौ २४ गते २०५३ साल (संख्या २२


## भाग ३

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः-(१) यी नियमहरूको नाम "शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा – विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय निकुञ्ज" भन्नाले शाही बर्दिया राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

(ग) "सहायक संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्जको सहायक संरक्षक सम्झनु पर्छ ।

(घ) "सवारी साधन" भन्नाले मोटर इञ्जिन जडान भएको सवारी साधन सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "राजमार्ग" भन्नाले निकुञ्जभित्र भएर गएको राजमार्ग सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सीमानाः राष्ट्रिय निकुञ्जको सीमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषणा गरिए बमोजिम हुनेछ ।

४. राष्ट्रिय निकुञ्ज भित्र प्रवेशः (१) राष्ट्रिय निकुञ्ज भित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची १ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा राष्ट्रिय निकुञ्जको कुनै कर्मचारीले अनुसूची २ बमोजिमको प्रवेश पत्र दिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियम २० बमोजिम सुविधा प्राप्त बाटो प्रयोग गर्ने व्यक्तिहरूले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई राष्ट्रिय निकुञ्ज भित्रबाट हिंडेमा कुनै दस्तूर तिर्नु पर्ने छैन ।

(३) राष्ट्रिय निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै व्यक्ति, शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोली वा सरकारी कर्मचारीलाई संरक्षकले अनुसूची ३ बमोजिमको निःशुल्क प्रवेश पत्र दिन सक्नेछ ।

५. राष्ट्रिय निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुनेः प्रवेशपत्र लिई वा नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई राष्ट्रिय निकुञ्जभित्र कुनै किसिमको हानी नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानी नोक्सानी चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुने छैन ।

६. राष्ट्रिय निकुञ्जभित्र गर्न निसिद्ध गरिएका कार्यहरूः संरक्षक वा सो कामको लागि श्री ५ को सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र देहायका कामहरू गर्न पाउने छैनः–

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भाग कब्जा गर्न, फाड्न वा आवाद गर्न,

(ग) घर पालुवा पशु वा पंक्षी चराउन वा तिनीहरूलाई पानी खुवाउन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) रूख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छांट्न वा वन पैदावार सुक्ने कुनै काम गर्ने, आगो लगाउन वा अरु कुनै किसिमले हानी पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुटचाइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्याइएको स्थान वा संरक्षकले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम २० बमोजिम तोकिएको बाटोबाहेक अन्य बाटो वा ठाउँबाट कुनै घर पालुवा पशु लैजान वा हिंडाउन ।

७. साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरूः– संरक्षकको लिखित अनुमति विना कुनै व्यक्तिले राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा नियम २० अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका चिज वस्तुहरू साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैनः–

(क) हात हतियार, खरखजाना, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरू,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुको सुकेको वा आलो मासु,

(ग) धनुषवाण, भाला, जाल, पासो, धराप, गुलेली वा चोट पुऱ्याउन सकिने अन्य यस्तै वस्तुहरू ।

तर राजमार्गबाट सवारी साधनद्वारा यात्रा गर्ने हिंड्ने यात्रुहरूले इजाजत प्राप्त हातहतियार साथमा लैजान कुनै बाधा पर्ने छैन ।

८. क्षति पुऱ्याउन नहुनेः– (१) राष्ट्रिय निकुञ्जको सिमानाभित्र वा बाहिर बाट आगो बाली वा अन्य कुनै प्रकारबाट राष्ट्रिय निकुञ्ज भित्रको वनस्पति, झारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

(२) राष्ट्रिय निकुञ्ज भित्रको बाटो, पुल, मचान, घर कार्यालय भवन, तारवार, चिह्नपट वा अन्य कुनै चिजवस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

९. वैज्ञानिक अनुसन्धानको लागि नमूना सङ्कलन गर्न सकिनेः– (१) राष्ट्रिय निकुञ्जको हितका लागि उपयुक्त हुने काम वा वैज्ञानिक अनुसन्धानको निमित्त ऐन बमोजिम नमूना सङ्कलन गर्न चाहने व्यक्तिले संरक्षक समक्ष लिखित निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले ऐनको अनुसूची–१ मा उल्लेखित वन्यजन्तु बाहेक अन्य वन्यजन्तुलाई पक्री अनुसन्धान गर्न आवश्यक शर्तहरू तोकी वा नतोकी अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमतिपत्र दिंदा लाग्ने दस्तूर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० बमोजिम हुनेछ ।

१०. शिकार गर्न र चराहरूको गुंड हटाउन वा बिगार्न नहुने:– राष्ट्रिय निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना सङ्कलन अनुमति प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र कुनै पनि वन्यजन्तुलाई मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंक्षीहरूको फुल वा गुड हटाउन, भत्काउन बिगार्न वा खलबल्याउन हुँदैन ।

११. माछा मार्न अनुमति लिनु पर्ने:– (१) राष्ट्रिय निकुञ्ज भित्रको नदी, खोला, नाला, ताल वा पोखरीमा माछा मार्न चाहने व्यक्तिले अनुसूची–१ बमोजिमको दस्तूर बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दस्तूर बुझाएपछि संरक्षक वा राष्ट्रिय निकुञ्जका कर्मचारीले आवश्यक शर्त तोकी वा नतोकी अनुसूची–४ बमोजिमको माछा मार्ने अनुमति पत्र दिनेछ ।

१२. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्ने:– (१) श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र माटो, ढुङ्गा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले राष्ट्रिय निकुञ्ज भित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सरकारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एक प्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१३. विज्ञापन टाँस्न वा राख्न नपाइने:– ऐन बमोजिम राष्ट्रिय निकुञ्ज भित्र स्थापित होटल, लज वा अन्य सेवा व्यवसायीहरूले बाहेक राष्ट्रिय निकुञ्ज भित्र कुनै पनि व्यक्तिले कुनै किसिमको चिह्नपट, सूचना, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरू टाँसी प्रचार प्रसार गर्नु, गराउनु हुँदैन ।

१४. बाजाहरू बजाउन नपाइने:– राष्ट्रिय निकुञ्ज भित्रका सरकारी कार्यालय, भवन वा ऐन बमोजिम स्थापित होटल, लज वा अन्य सेवा स्थलहरूमा बाहेक अन्यत्र रेडियो, टेप रेकर्ड र सङ्गीतका यस्तै अन्य बाजाहरू बजाउन पाइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

१५. फोहर मैला फाल्न नपाइने:– कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१६. विषालु पदार्थ फ्यांक्न नपाइने:– राष्ट्रिय निकुञ्ज भित्र वा राष्ट्रिय निकुञ्ज भित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको किटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषालु पदार्थ फ्यांक्न वा राष्ट्रिय निकुञ्ज भित्र भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै स्रोतमा हाल्न वा छर्न वा राष्ट्रिय निकुञ्ज भित्र पुग्ने गरी अरु तरिकाबाट हाल्न समेत हुँदैन ।

१७. राष्ट्रिय निकुञ्ज भित्र सवारी साधन चलाउँदा पालन गर्नु पर्ने कुराहरू:– (१) राष्ट्रिय निकुञ्ज भित्र सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरूको अधीनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ:–

(क) पाँच टन भन्दा बढी वजनको सवारी साधन चलाउन पाइने छैन ।

(ख) वयलगाडा चलाउन पाइने छैन ।

(ग) सवारी साधन, पैदल यात्रु वा अन्य वस्तुको आवागमनमा बाधा पर्ने गरी सवारी साधन चलाउन वा अडचाई राख्नु हुँदैन ।

(घ) यस नियमावली बमोजिम सुविधा प्राप्त बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घर पालुवा जीवजन्तु लैजान वा हिंडाउनु हुँदैन ।

(ङ) हर्न बजाउन वा ३० कि. मि. प्रति घण्टा भन्दा बढी रफ्तारमा सवारी साधन चलाउनु हुँदैन ।

(च) नियम २० को उप-नियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्ता बाटोबाट सवारी साधन चलाउन वा यात्रा गर्नु हुँदैन ।

(२) राजमार्गमा सवारी साधन चलाउने व्यक्तिले देहायका कुराहरूको अधीनमा रहेर मात्र सवारी साधन चलाउनु पर्नेछ ।

(क) राजमार्गबाट जाने सवारी साधनमा रहेका सबै सामानहरू प्रवेश चौकीमा जँचाई लैजानु पर्नेछ ।

(ख) राजमार्गमा आवश्यकतानुसार राखिएको तगारो र सवारी साधनको गति कम गराउन बनाइएको गति नियन्त्रकको पालना गर्नु पर्नेछ ।

(ग) राष्ट्रिय निकुञ्ज भित्र राखिएको तगारो भाँचन, बिगार्न वा कुनै क्षति पुऱ्याउन हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सवारी साधनले कुनै पनि वन्यजन्तुलाई लखेट्न, ठक्कर दिन, घाइते बनाउन, कुल्चिन वा मार्न हुँदैन ।

(ङ) राजमार्गमा सवारी साधन चलाउँदा प्रति घण्टा ४० कि. मि. को गति भन्दा बढी चलाउनु हुँदैन ।

१८. इशारा वा सङ्केत मान्नु पर्नेः– राष्ट्रिय निकुञ्जको भित्र सबै सवारी साधनका चालकले राष्ट्रिय निकुञ्जको कर्मचारीले गरेको इशारा वा सङ्केतलाई पालना गर्नु पर्नेछ र त्यस्तो इशारा वा सङ्केत जनाउनको लागि राखिएको कुनै चिह्नपट बमोजिम सवारी साधन चलाउनु पर्नेछ ।

१९. आवागमनमा प्रतिवन्धः– राष्ट्रिय निकुञ्ज भित्रको होटल, लज, क्याम्प, अनुमति प्राप्त स्थान वा राजमार्गमा बाहेक अन्य स्थानमा लिखित अनुमति विना सूर्यास्तदेखि सूर्योदयसम्म पस्न, हिंडडुल गर्न वा सवारी साधन चलाउनु हुँदैन ।

२०. बाटोको सुविधाः– (१) राष्ट्रिय निकुञ्ज भित्र अनुसूची ५ बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घर पालुवा जीवजन्तु हिंडाउन वा सवारी साधन चलाउन संरक्षकले चिह्नपट लगाई तोकेको बाटोबाट सुविधा प्राप्त हुनेछ ।

(२) संरक्षकको लिखित अनुमति विना उपनियम (१) बमोजिमको चिह्नपट लगाई तोकीदिएको बाटो बाहेक अन्य बाटोको प्रयोग गर्न पाइने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिकूल मौसममा चिह्नपट लगाई तोकिदिएको कुनै बाटो बन्द गर्न संरक्षकले उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म बन्द गरी अन्य कुनै बाटो तोक्न सक्नेछ ।

२१. दस्तूर बुझाउनु पर्नेः– (१) राष्ट्रिय निकुञ्ज भित्र देहायको काम कुरा गरे बापत अनुसूची १ बमोजिमको दस्तूर बुझाउनु पर्नेछः–

(क) सवारी साधन चलाएमा,

(ख) क्याम्प गरेमा,

(ग) राष्ट्रिय निकुञ्जको गाइडको सेवा उपलब्ध गरेमा,

(घ) खरखडई वा वनकस काटेमा ।

(२) उपनियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची–६ बमोजिमको दस्तूर बुझाएको रसिद दिइनेछ ।

२२. सवारी साधन वा वस्तु पक्राउ गरिनेः– यस नियमावली बमोजिम राष्ट्रिय निकुञ्ज भित्र सुविधा दिएको बाटो बाहेक अन्य बाटोबाट कुनै सवारी साधन



३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा वन्यजन्तु हिंडाएको भेटिएमा संरक्षकले तोकिदिएको दर्जाको राष्ट्रिय निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारी समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२३. गिरफ्तार गर्न सकिने:– (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, रेञ्जर, वन्यजन्तु गार्ड वा राष्ट्रिय निकुञ्जका अन्य कर्मचारीहरूले ऐनको वखिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारी साधनको खानतलासी गर्न सक्नेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारी साधनको खानतलासी गर्न सकिनेछ ।

२४. दुर्घटना वा मृत्यु भएमा सूचना गर्नुपर्ने : राष्ट्रिय निकुञ्जभित्र प्रवेश गर्ने कुनै व्यक्तिको दुर्घटना वा मृत्यु भएमा त्यस्तो व्यक्तिको साथमा गएका अन्य व्यक्तिले वा सो दुर्घटना वा मृत्यु भएको थाहा पाउने व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा राष्ट्रिय निकुञ्जको कार्यालयमा दिनु पर्नेछ ।

२५. सरकारी कामको लागि राष्ट्रिय निकुञ्जभित्र प्रवेशमा छूट: यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आफ्नो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारवाई कार्यान्वयन गर्नको लागि राष्ट्रिय निकुञ्जभित्र कुनै पनि समयमा प्रवेश गर्न वाध्य पुऱ्याएको मानिने छैन ।

२६. मुद्दा हेर्ने अधिकारी: (१) यस नियमावली अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उप-नियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूर सम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेको रेञ्जरलाई हुनेछ :–

(क) नियम ४ विपरित अनुमती नलिई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरेमा,

(ख) दुई हजार पाँचसय रुपैयाँसम्म मोल पर्ने वन पैदावर अनियमित ढंगबाट हटाएमा, काटेमा वा झिकेमा,

(ग) घरपालुवा जीवजन्तु वा पंक्षीलाई राष्ट्रिय निकुञ्जभित्र चराएमा वा पानी खुवाएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) छुट्याइएको क्याम्प वा स्थान बाहेक, अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,

(ङ) नियम ११ विपरित अनुमति नलिई माछा मारेमा,

(च) नियम १३ को बर्खिलाप कुनै चिह्नपट, सूचना, विज्ञापन वा पोष्टर-हरू राखेमा वा टाँसेमा,

(छ) नियम १४ को बर्खिलाप कुनै बाजा बजाएमा,

(ज) नियम १५ को बर्खिलाप फोहर मला गरेमा,

(झ) नियम १७ र १८ को बर्खिलाप हुने गरी सवारी साधन चलाएमा,

(ञ) नियम १९ विपरित सूर्यास्तदेखि सूर्योदयसम्म अनुमति बिना निकुञ्जभित्र प्रवेश गरेमा वा हिंडडुल गरेमा,

तर राजमार्गमा चल्ने सवारी साधनको लागि २४ सै घण्टा खुल्ला रहने छ ।

(ट) नियम २० विपरित तोकेको बाटो बाहेक अन्य ठाउँबाट पैदल यात्रा गरे, घर पालुवा जीवजन्तु हिंडाए वा सवारी साधन चलाएमा ।

२७. अधिकार प्रत्यायोजन गर्न सकिने : संरक्षकले आफूले प्राप्त अधिकारमध्ये नियम २६ बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफूमुनिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. सवारी साधन र पर्यटक संख्यामा नियन्त्रण : राष्ट्रिय निकुञ्जको वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा संरक्षकले त्यस्तो क्षेत्रमा प्रवेश गर्ने सवारी साधनमा प्रतिबन्ध लगाउन र पर्यटक संख्यामा नियन्त्रण गर्न सक्नेछ ।

२९. अनियमित तरिकाबाट संकलन गरेको वन पैदावार लिलाम बिक्री गर्ने:

(१) कसैले राष्ट्रिय निकुञ्जभित्र गैर कानूनी तरिकाले संकलन गरेको वन पैदावारलाई संरक्षकले वा निजले खटाएको राष्ट्रिय निकुञ्जको अन्य कुनै कर्मचारीले त्यस्तो वन पैदावारको बिगो कायम गरी लिलाम बिक्री गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा अपनाउनु पर्ने कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

३०. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने : श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।



360

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १
(नियम ४, ११ र २१ सँग सम्बन्धित)
दस्तुर

(क) राष्ट्रिय निकुञ्जको प्रवेश दस्तुर (प्रतिव्यक्ति प्रत्येक प्रवेशको लागि)

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रू. | १०।– |
| सार्कमुलुक भित्रका अन्य नागरिकलाई | रू. | ५०।– |
| अन्य विदेशी नागरिकलाई | रू. | ६५०।– |

द्रष्टव्य : दश वर्षभन्दा मुनिका केटाकेटीलाई प्रवेश दस्तुर लाग्ने छैन।

(ख) माछा मार्ने दस्तुर :

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रू. | २०।– |
| सार्कमुलुकभित्रका अन्य नागरिकलाई | रू. | १००।– |
| अन्य विदेशी नागरिकलाई | रू. | ३००।– |

(ग) सवारी साधन दस्तुर :

(१) (क) राजमार्ग बाहेक सुविधा प्राप्त बाटोको लागि

| | | |
|---|---|---|
| कार, जीप, बस, ट्याक्टर, लरी वा ५ टन-सम्मको ट्रकको लागि | रू. | २५।– |
| (ख) मोटर साइकल र टाँगाको लागि | रू. | ५।– |

(२) राष्ट्रिय निकुञ्जको अन्य पथको लागि

| | | |
|---|---|---|
| (क) मोटर इन्जिन जडान भएको कुनै पनि सवारी साधनको लागि | रू. | १००।– |
| (ख) पर्यटक घुमाउने व्यावसायिक (जंगल ड्राइभ) सवारी साधनको लागि | रू. | १०००।– |

(घ) क्याम्पिङ (बास बस्ने) दस्तुर (प्रतिव्यक्ति प्रत्येक रातको लागि):

| | | |
|---|---|---|
| नेपाली नागरिकलाई | रू. | २०।– |
| सार्कमुलुकभित्रका अन्य नागरिकलाई | रू. | १००।– |
| अन्य विदेशी नागरिकलाई | रू. | ३००।– |

(ङ) गाइडको सेवा उपलब्ध गरे बापत लाग्ने दस्तुरः–

| | | |
|---|---|---|
| प्रत्येक गाइड प्रति दिनको लागि | रू. | ५०।– |



369
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) प्रत्येक घरपालुवा जीवजन्तुलाई राष्ट्रिय निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजादाको दस्तुर

गाइ, गोरु, भैंसी, राँगा, घोडा र खच्चरलाई रू. –।२५

भेंडा, बाखा, कुकुर, सुंगुर र अन्य यस्तै पशुलाई रू. –।१०

छ) खरखडाई, बनकस दस्तुर (प्रति पूर्जी) रू. ५।–

(ज) सिनेमा (डकुमेन्ट्री फिल्म) खिच्ने दस्तुर

(१) नेपाली नागरिकलाई रू. ५,०००।–

(२) सार्क मुलुकभित्रका अन्य नागरिकलाई रू. २५,०००।–

(३) अन्य विदेशी नागरिकलाई यू.एस डलर १००० बराबरको नेपाली रुपैयाँ

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– २
(नियम ४ को उप-नियम (१) सँग सम्बन्धित)

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शाही बर्दिया राष्ट्रिय निकुञ्ज
प्रवेश-पत्र

क्र. सं. मिति

१. प्रवेश पत्र लिने व्यक्तिको नाम :
२. ठेगाना :
३. राष्ट्रियता :
४. प्रवशद्वार
५. प्रवेश गर्ने दस्तुर :
६. प्रवेश गर्ने मिति :
७. प्रवेश पत्र वहाल रहने अवधि :

---------------------------
प्रवेश-पत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य:– (१) प्रवेश पत्र हस्तान्तरण गर्न पाइने छैन ।
(२) राष्ट्रिय निकुञ्ज भित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्य-जन्तु संरक्षण ऐन, २०२९ र शाही वर्दिया राष्ट्रिय निकुञ्ज नियमावली २०५३ को पालना गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची– ३
(नियम ४ को उप-नियम (३) सँग सम्बन्धित)

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शाही बर्दिया राष्ट्रिय निकुञ्ज
निःशुल्क प्रवेश-पत्र

क्र.सं. मिति

१. प्रवेश-पत्र लिने व्यक्ति वा संस्थाको नामः
२. ठेगाना :
३. प्रवेश गर्ने व्यक्तिको संख्या :
४. प्रवेशद्वार :
५. प्रवेश गर्ने उद्देश्य :
६. प्रवेश-पत्र वहाल रहने अवधि :

प्रवेश-पत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्य : (१) यो प्रवेश-पत्र हस्तान्तरण गर्न पाइने छैन।
(२) राष्ट्रिय निकुञ्ज भित्र प्रवेश गर्ने व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ र शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को पालना गर्नु पर्नेछ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४
(नियम ११ को उप-नियम (२) सँग सम्बन्धित)

श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शाही बर्दिया राष्ट्रिय निकुञ्ज
माछा मार्ने अनुमति-पत्र

मिति

क्र.सं.

१. अनुमतिपत्र लिने व्यक्तिको नामः
२. ठेगानाः
३. नागरिकताः
४. माछा मार्न पाइने नदी खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरणः
५. माछा मार्ने दस्तुरः
६. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

द्रष्टव्यः– यो अनुमति प्राप्त गर्ने व्यक्तिले संरक्षकले तोकेको शर्तको अधिनमा रही माछा मार्नु पर्नेछ ।



३६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५
(नियम २० सँग सम्बन्धित)

**घर पालुवा जीवजन्तु, सवारी साधन र पैदल यात्रुको लागि बाटोहरू**

१. बबईदेखि सैनाबारसम्मको राजमार्ग ।
२. अत्रेनीदेखि कर्णाली पुलसम्मको राजमार्ग ।
३. अत्रेनी दानुवाताल हुँदै तेलपानीसम्म ।
४. रांझागाउँबाट आउने बाटोको किनारा थ्यामा खोलादेखि निकुञ्जको वनपथ हुँदै चिसापानी करेली खोलासम्म ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम २१ को उपनियम (२) सँग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
शाही बर्दिया राष्ट्रिय निकुञ्ज

दस्तुर बुझाएको रसिद

क्र.सं.

दस्तुर बुझाउनेको नाम, थरः मिति

ठेगानाः

दस्तुर बुझाउने प्रयोजन

१. सवारी चलाउन
२. क्याम्प गर्न
३. निकुञ्जको गाइड सेवा उपलब्ध गर्न
४. खरखडाई वा वनकस काट्न

दस्तुर बुझिलिनेको दस्तखत

द्रष्टव्यः यो रसिद दस्तुर बुझाउने व्यक्तिले राष्ट्रिय निकुञ्ज भित्र रहँदा साथमा राख्नु पर्नेछ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव



366

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

## श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि कर कार्यालय नेपालगन्जका प्रमुख कर अधिकृत श्री हस्तराज भारतीलाई राजश्व न्यायाधिकरण, नेपालगन्जको राजश्व सदस्य पदमा तोकेको छ ।

आज्ञाले,
सुरेसमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय मिति २०५३।४।२० देखि घर बिदामा बस्नु हुने भएकोले उक्त मितिदेखि उहाँ बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लोकेन्द्रमान प्रधानलाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

निर्माण तथा यातायात मन्त्रालयका का. मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ मिति २०५३।४।२१ गतेदेखि २०५३।४।२५ सम्मको घर बिदा स्वीकृत गराई व्यक्तिगत काम-को सिलसिलामा भारततर्फ जानुभएको हुँदा उक्त अवधिका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव (प्रा.) श्री देवेन्द्रप्रसाद रिमाललाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

अर्थ मन्त्रालयका सचिव श्री रामविनोद भट्टराई नेपाल भारत उच्चस्तरीय कार्यदलको तेस्रो बैठकमा भाग लिन भारतको राजधानी नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शम्भुप्रसाद खनाल-लाई मिति २०५३।४।२४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले फोहरमैला व्यवस्थापनको कार्यलाई प्रभावकारी रूपमा संचालन गर्न देहाय बमोजिमको फोहरमैला व्यवस्थापन राष्ट्रिय परिषद् गठन गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरेको छ ।

| | | |
|---|---|---|
| १. | स्थानीय विकास मन्त्री | अध्यक्ष |
| २. | स्थानीय विकास राज्यमन्त्री | उपाध्यक्ष |
| ३. | सदस्य, राष्ट्रिय योजना आयोग (स्थानीय विकास मन्त्रालय हेर्ने) | सदस्य |
| ४. | सचिव, स्थानीय विकास मन्त्रालय | " |
| ५. | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | " |
| ६. | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | " |
| ७. | सचिव, स्वास्थ्य मन्त्रालय | " |
| ८. | सचिव, अर्थ मन्त्रालय | " |
| ९. | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | " |
| १०. | प्रमुख, काठमाडौं महानगर पालिका | " |
| ११. | मध्यमान्चल विकास क्षेत्र बाहेक अधिराज्यका चारै विकास क्षेत्रबाट १।१ जना पर्ने गरी २ वर्षका लागि स्थानिय विकास मन्त्रालयबाट तोकिएका उप-महानगरपालिका । नगरपालिका प्रमुखहरू | " |
| १२. | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | " |
| १३. | अध्यक्ष, होटल एसोसिएसन अफ नेपाल | " |
| १४. | सम्बन्धित क्षेत्रका विशेषज्ञहरू मध्येबाट २ वर्षको लागि स्थानिय विकास मन्त्रालयबाट तोकिएका ३ जना | " |
| १५. | सह-सचिव, स्थानिय विकास मन्त्रालय-प्राविधिक महाशाखा | सदस्य-सचिव |

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव

350



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।